प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कलैया, बारा

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०६/०१

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाराको आ.ब.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न निजि फार्म/उद्यमिहरुले यो सूचना प्रकाशन भएको मितिले १५औं दिन (मिति २०७८/०६/१५) सम्म यस विज्ञ केन्द्रमा कार्यालय समय भित्र कार्यक्रम अनुसारको तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सिलवन्दी आवेदन/प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्योहोरा समेत जानकारी गराईन्छ । थप जानकारीका लागि सूचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क मोबाईल नम्बर ९८५५०४९८१२/९८५५०४९८१३ मा सम्पर्क गर्न सकिनेछ।

देहाय

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | अनुदानग्राहीको लागत साझेदारी |
|---|---|---|---|---|
| १. | माछा/मासु पसल सुधार | संख्या | ६ | पचास प्रतिशत |
| २ | निजि, सार्वजनिक, सहकारी संघ संस्थाको साझेदारीमा दुध संकलन केन्द्र तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग कार्यक्रम | संख्या | १ | |
| ३ | पशुपन्छी तथा मत्स्य उत्पादन प्रबंधन(लेयर्स ५०० ब्रोइलर ३०००, स्थानीय कुखुरा ५००, हाँस ५०० ) कार्यक्रम | संख्या | ३ | |

तपसिल

१. रु.१० को टिकट टाँस गरी फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन, फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना,
२. समूह/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि, व्यवसाय योजना बमोजिमको डिजाइन र लागत अनुमान,
३. व्यक्तिको हकमा निजको तथा कानुन बमोजिम दर्ता भएका समूह, सहकारी, व्यवसायिक निजि फार्मको हकमा प्रस्तावमा हस्ताक्षार गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, तालिम, अनुभव, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु, व्यवसायिक फार्म/समूह/सहकारी/निजि फार्म/उद्योगीको हकमा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णयको प्रतिलिपि,
४. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (५-१० बर्ष सम्म कार्यक्रम अनुसार), स्थानीय तहले तोकेको सार्वजनिक जग्गा, स्थानीय तहको सिफारिस, अन्य आवश्यक कागजातहरु (कार्यक्रम अनुसार)।

कार्यालय प्रमुख

---

प्रथम पटक प्रकाशित मिति : २०७८/०६/०१

यस कार्यालयलाई देहाय बमोजिम मोटरसाईकल खरिद गर्नुपर्ने भएकोले मोटरसाईकल बिक्रि गर्ने ईच्छुक उत्पादक कम्पनी, सोको आधिकारिक बिक्रेता फर्म संस्था, कम्पनीहरुबाट फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर र स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिलिपि, आ.ब २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिलिपि, बोलपत्रदाताको/फर्म/कम्पनीको Power of Attorney को प्रमाणपत्र र उत्पादनको स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण, क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र यस कार्यालय समय भित्र सुचिकृत भई सिलबन्दी प्रस्ताव ईच्छुक उत्पादक वा अधिकृत बिक्रेताले दर्ता गराउनु हुन जानकारी गराईन्छ।

| Contract no. | Vehicles | Quantity | Specification |
|---|---|---|---|
| 01/078/079 | 2-Wheelers | 4 unit | As mentioned in |

खोजे
बताउ
बहुम
जनता
रूपमा
नोक्सा
थियो।
पार्टीक
प्रदेश
कमिटी
पासबा
छविला

प्रदेश सरकार
प्रदेश नं.२
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र**
कलैया, बारा

## मत्स्यपालनको लागि मत्स्य पोखरी निर्माण प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०६।०१)

यस कार्यालयको आ.ब.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रदेशमा गुणस्तरीय खाने माछा उत्पादन बृद्धिको लागि **मत्स्य पोखरी निर्माण कार्यक्रम** अधिकत्तम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्न इच्छुक नेपाली नागरिक, कृषक समूह, सहकारी, निजि फर्म, संस्थाहरुले तपसिलका कार्यक्रमका लागि देहायका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७८।०६।१५) सम्म कार्यालय समयभित्र सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाधी प्राप्त भएका प्रस्तावहरु छनौटमा समावेश गरिने छैन। थप जानकारीका लागि सूचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क मोबाईल नम्बर ९८५५०४९८२६ मा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | इकाई | जम्मा परिमाण | प्रति कार्यक्रम अधिकत्तम अनुदान रकम | अनुदानग्राहीको लागत प्रतिशत |
|---|---|---|---|---|---|
| १. | मत्स्य पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | कट्ठा | ५९.५ कट्ठा (१९.८ हेक्टर) | रु. १५ हजार प्रति कट्ठा | पचास प्रतिशत |
| २. | मत्स्य पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा १०%) | कट्ठा | ६६ कट्ठा (२.२ हेक्टर) | रु. १५ हजार प्रति कट्ठा | पचास प्रतिशत |

देहाय:

१. रु.१० को टिकट टाँस गरिएको फा.नं.२ अनुसारको आवेदन फारम,

२. फा.नं.३ र फा.नं.३क अनुसारको कार्ययोजना,

३. व्यक्तिको हकमा निजको र दर्ता भएका समूह, सहकारी, निजि फर्म, संस्थाको प्रस्तावमा हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

४. दर्ता भएका सहकारी निजि फर्म संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि,

५. प्रस्तावित मत्स्य पालन कार्यमा संलग्न हुने संगोलको परिवारका सदस्य तथा दर्ता भएका समूह सहकारी, फर्म, संस्थाका सो कार्यमा संलग्न हुने सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु,

६. समूह/समिति/सहकारी/निजि फर्म/संस्थाको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,

७. समूह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि,

८. लक्षित बर्ग (शहिद/बेपत्ता/द्वन्द्वपिडित परिवार, दलित/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम/महिला, आदिवासी/जनजाति/विपन्न गरिब) भए प्रमाण खुल्ने कागजात,

९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि। अरुको नाममा दर्ता रहेको जग्गामा कार्यक्रम संचालन गरिने भए कानुन बमोजिम प्रमाणित हुने सो कार्य संचालनको लागि कम्तिमा ५ बर्षको लागि मञ्जुरीनामा वा करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित), जग्गाको भोगाधिकार प्रमाण, आदि।

१०. सो कार्यक्रम संचालनको लागि अनुदान उपलब्ध गराई दिनको लागि कार्यक्रम संचालन गरिने स्थान रहेको स्थानिय तहको सम्बन्धित बिषयगत शाखाको सिफारिस पत्र।

११. फा.नं.३ बमोजिम आवेदनको स्वघोषणा र प्रतिबद्धता।

१२. अन्य (क)................................ (ख)................................

कार्यालय प्रमुख